# लोक सेवा आयोग
## बीमा समिति, कानून, अधिकृत तृतीय, सहायक निर्देशक पदको
## प्रतियोगितात्मक लिखित परीक्षा

२०७४।११।११

पत्र : तृतीय
समय : ४ घण्टा
पूर्णाङ्क : १००

विषय : **बीमा सम्बन्धी कानून, वित्तीय क्षेत्र सम्बन्धी कानून र अन्तर्राष्ट्रिय कानून**

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क" ५० अङ्क

१. बीमा ऐन, २०४९ अनुरूप बीमा समितिको बैठक र निर्णय सम्बन्धमा कस्तो व्यवस्था गरिएको छ ? उल्लेख गर्नुहोस् । ५

२. बीमा ऐन, २०४९ ले बीमा अभिकर्ता, सर्भेयर र दलाल सम्बन्धी व्यवस्थाको नियमन कसरी गर्ने व्यवस्था गरेको छ ? चर्चा गर्नुहोस् । ५

३. बीमा ऐन, २०४९ बमोजिम बीमकको रूपमा बीमा व्यवसाय सञ्चालन गर्न चाहने संगठित संस्थाले के-कस्ता कागजातसहित के-कस्तो निकाय समक्ष प्रमाणपत्र पाउन निवेदन गर्न सक्छ ? लेख्नुहोस् । ५

४. दर्ता खारेजीको कारणले बिघटन भएको बीमकले दायित्वको भुक्तानी के-कस्तो प्राथमिकताको आधारमा गर्नुपर्दछ ? उल्लेख गर्नुहोस् । ५

५. बीमा ऐन, २०४९ ले दण्ड सजाँय र पुनरावेदन सम्बन्धी गरेको व्यवस्थालाई स्पष्ट रूपमा उल्लेख गर्नुहोस् । ५

६. Why insurance company must be incorporated under Company Act-2063? State. 5

७. पुनर्बीमा व्यवसाय (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी निर्देशिका, २०७१ बमोजिम पुनर्बीमकले आफूले स्वीकार गरेको जोखिम मध्ये के-कस्तो जोखिमको पुनर्बीमा गराउनुपर्दछ ? ५

८. जीवन बीमाको दाबी भुक्तानी प्रकृयाका सम्बन्धमा वर्णन गर्नुहोस् । ५

९. नेपालको सन्दर्भमा बीमा सम्बन्धी व्यवस्था किन आवश्यक छ ? जीवन बीमा तथा निर्जीवन बीमाको सम्बन्धमा विद्यमान कानूनमा के-कस्तो परिमार्जन गर्न आवश्यक छ ? व्याख्या गर्नुहोस् । १०

### खण्ड "ख" ५० अङ्क

१०. करारको यथावत परिपालना भन्नाले के बुझिन्छ ? करार ऐन, २०५६ बमोजिम के-कस्तो अवस्थामा करारको यथावत परिपालन गर्न आवश्यक छ र के-कस्तो अवस्थामा करारको यथावत परिपालना हुन आवश्यक छैन ? लेख्नुहोस् । ५

क्रमश : ...

११. "Directors who are not directing the company are called Board of Directors". Do you agree? Why? 5

१२. करार ऐन, २०५६ ले गरेको प्रत्याशन (Subrogation) सम्बन्धी व्यवस्थाको चर्चा गर्नुहोस् । ५

१३. बैंक तथा वित्तीय संस्थाहरूको सञ्चालक समितिका सदस्यहरूको योग्यता र अयोग्यता सम्बन्धमा कस्तो व्यवस्था गरिएको छ ? सविस्तार उल्लेख गर्नुहोस् । ५

१४. Define Manager of company as Justice BLACKBURN defined manager in Gibson vs Borton (1875) 10 Q.B. 329 (United Kingdom). 5

१५. मध्यस्थता ऐन, २०५५ अनुसार मध्यस्थको निर्णय के कसरी कार्यान्वयन हुने व्यवस्था छ ? चर्चा गर्नुहोस् । ५

१६. Moveable property is of two kinds, namely chose in possession and chose in action. What kind of moveable property is share and why? 5

१७. "भित्री कारोवार" भनेको के हो ? धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम त्यस्तो कारोवार भएमा त्यसको परिणाम के हुन्छ ? लेख्नुहोस् । ५

१८. सम्पत्ति शुद्धीकरण लगायतका संगठित अपराधको नियन्त्रणमा नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धता उल्लेख गर्दै त्यस्तो प्रतिबद्धता कार्यान्वयनका लागि नेपालले गरेको कानूनी व्यवस्थाका बारेमा समिक्षा गर्नुहोस् । १०

:: समाप्त ::

## लोक सेवा आयोग
## बीमा समिति, कानून, अधिकृत तृतीय, सहायक निर्देशक पदको
## प्रतियोगितात्मक लिखित परीक्षा
२०७३।९।२८

पत्र : तृतीय
समय : ४ घण्टा

पूर्णाङ्क : १००

### विषय : बीमा तथा वित्तीय क्षेत्र सम्बन्धी कानून

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । परीक्षार्थीले अंग्रेजी वा नेपाली अथवा दुवै माध्यमबाट उत्तर दिन सक्नेछन् । |
|---|

### खण्ड (क) : बीमा सम्बन्धी कानून ५० अङ्क

१. The great fire of London 1666, is attributed to the introduction of fire insurance. Is it true or not ? Justify. ५

२. बीमा समितिको काम, कर्तव्य र अधिकार के के हुन् ? ऐनमा रहेको प्रावधानसहित लेख्नुहोस् । ५

३. के पुनर्बीमाको आवश्यकता पुनर्बीमा कम्पनीले पूर्ति गर्न सकेको छ ? समीक्षा गर्नुहोस् । ५

४. बीमा समितिले के कस्तो अवस्थामा कसरी बिमकको दर्ता खारेज गर्न सक्दछ ? उल्लेख गर्नुहोस् । ५

५. What do you mean by Felo De Se in law of Insurance? ५

६. बीमा नियमावली, २०४९ बमोजिम निर्जीवन बीमा व्यवसाय सञ्चालन गर्ने बीमकले के कस्ता शर्त र प्रक्रिया पूरा गरी आफ्नो व्यवसाय सञ्चालन गर्न सक्दछ ? उल्लेख गर्नुहोस् । ५

७. बीमा सम्वन्धमा गरिएको सल्लाहकार समितिको भूमिकाबारे प्रकाश पार्नुहोस् । ५

८. जीवन बीमा व्यवसाय गर्ने विमकको आर्थिक स्थितिको लेखाजोखा र दायित्वको मूल्याङ्कन कसरी गर्नुपर्दछ ? उल्लेख गर्नुहोस् । ५

९. "बित्तीय क्षेत्र सुधार" भन्नाले के बुझिन्छ ? नेपालको अर्थतन्त्रमा वित्तीय क्षेत्रको प्रभावकारी योगदानको लागि वित्तीय कानूनमा देखिएका कमजोरीहरूबारे व्याख्या गर्नुहोस् । १०

### खण्ड (ख) : वित्तीय क्षेत्र सम्वन्धी कानून ५० अङ्क

१०. अप्रत्यक्ष करार भनेको के हो ? करार ऐन, २०५६ ले यस सम्वन्धमा कस्तो व्यवस्था गरेको छ ? २+३=५

११. प्रिमियम मूल्यको शेयर भन्नाले के बुझिन्छ ? कम्पनी ऐन, २०६३ बमोजिम के कस्तो अवस्थामा के कस्तो कार्यविधि पूरा गरी कुनै कम्पनीले प्रिमियम मूल्यमा आफ्नो शेयर जारी गर्न सक्दछ ? २+३=५

१२. बैंक तथा वित्तीय संस्थाहरूको सञ्चालक समितिको काम, कर्तव्य र अधिकारहरू वित्तीय क्षेत्र सुधारको लागि कति पर्याप्त छन् ? संक्षिप्त बिश्लेषण गर्नुहोस् । ५

१३. विद्यमान सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्) निवारण ऐनको उपलब्धिबारे समीक्षा गर्नुहोस् । ५

१४. मध्यस्थता ऐन, २०५५ अनुसार कस्तो अवस्थामा मध्यस्थलाई हटाउन सकिन्छ? उल्लेख गर्नुहोस् । ५

१५. कर राजस्व र गैरकर राजस्व भनेको के हो ? वित्तीय क्षेत्र सुधारको लागि कुन बढी महत्त्वपूर्ण मानिन्छ ? तर्कसहित उल्लेख गर्नुहोस् । ३+२=५

१६. धितोपत्र सम्वन्धी ऐन, २०६३ ले धितोपत्र बजार नियमन सम्वन्धमा गरेका प्रमुख विषयको चर्चा गर्नुहोस् । ५

१७. What is a corporate veil ? ५

१८. बीमकको संस्थागत सुशासन सम्वन्धी निर्देशिका बमोजिम बीमकको सञ्चालकहरूको जवाफदेहिता र दायित्व सम्वन्धमा के कस्तो व्यवस्था रहेको छ ? स्पष्ट पार्नुहोस् । १०

:: समाप्त ::

# लोक सेवा आयोग
## बीमा समिति, कानून, अधिकृत तृतीय, सहायक निर्देशक पदको
## प्रतियोगितात्मक लिखित परीक्षा
२०७३।९।२९

पत्र : चतुर्थ
समय : ४ घण्टा

पूर्णाङ्क : १००

विषय : **बीमा (Insurance)**

| |
|---|
| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । परीक्षार्थीले अंग्रेजी वा नेपाली अथवा दुवै माध्यमबाट उत्तर दिन सक्नेछन् । |

### खण्ड (क)

७० अङ्क

१. बीमा अभिकर्ता र बीमा दलालको परिचय दिँदै तिनीहरू बीचको भिन्नता स्पष्ट गर्नुहोस् । ५

२. एउटा बिमित आफ्नो सही दावि भुक्तानी नपाएमा वीमक विरूद्ध निजले कस्तो कानूनी उपचार लिन सक्छ ? उल्लेख गर्नुहोस् । ५

३. लघु बीमा भनेको के हो ? नेपालमा यसको महत्त्वबारे संक्षिप्तमा चर्चा गर्नुहोस् । ५

४. बीमाङ्क र बीमाङ्कीको परिचयसहित यी दुई बीचको भिन्नताहरू औँल्याउनुहोस् । ५

५. बीमायोग्य हित (Insurable Interest) को बीमा व्यवसायमा किन आवश्यकता पर्दछ ? ५

६. ल्वाइड्स् अफ लण्डन (Llyodis of London) भन्नाले के बुझिन्छ ? यो संस्थाको उत्पत्तिबारे छोटकरीमा लेख्नुहोस् । ५

७. बीमाङ्की र लेखापरीक्षक बीचको फरक देखाउँदै बीमा व्यवसायमा बीमाङ्कीको महत्त्वबारे प्रकाश पार्नुहोस् । ५

८. हवाई बीमा (Aviation Insurance) भनेको के हो ? यसले समेट्ने जोखिमहरू उल्लेख गर्नुहोस् । ५

९. अग्नि बीमामा औषतको सिद्धान्त (Condition of Average) कस्तो अवस्थामा लागू हुन्छ ? उदाहरणसहित लेख्नुहोस् । ५

१०. "बीमाले सबै जोखिम सकार्न सक्दैन" भन्ने भनाइको व्याख्या गर्दै यसका अपवादहरू (Exceptions) उल्लेख गर्नुहोस् । ५

११. बीमा लेख भनेको के हो ? यसको महत्त्व कसलाई किन छ ? स्पष्ट पार्नुहोस् । ५

१२. जीवन बीमा, निर्जीबन बीमा र पुनर्बीमामा के फरक छ ? जीवन बीमामा पनि पुनर्बीमा आवश्यक हुन्छ भने त्यसको कारण दिनुहोस् । ५

१३. जीवन बीमा र निर्जीवन बीमाको लागि भिन्दा भिन्दै कम्पनी चाहिने र एउटै कम्पनीले दुवै व्यवसाय गर्न नहुने कानुनी प्रावधानको आवश्यकता किन परेको हो ? प्रष्ट पार्नुहोस् । ५

१४. अग्रिम भुक्तानी सावधिक जीवन बीमा (Anticipated Endowment Life Insurance) भन्नाले के बुझिन्छ ? यो बीमा अन्तर्गत म्याद भुक्तान मिति (Maturity Date) पश्चात् विमित जीवितै भए अर्जित बोनससहित बीमाङ्क कसरी भुक्तान हुन्छ ? उल्लेख गर्नुहोस् । ५

क्रमश : ......

## खण्ड (ख)

**३० अङ्क**

१५. नेपालको बीमा व्यवसायमा बीमक कम्पनीहरूको संख्या दुई दर्जनभन्दा बढी हुँदा पनि थप कम्पनी स्थापनाका लागि आवेदन दिनेहरूको संख्या बढ्दै गएको छ । यसरी संख्या बढ्दै जानुको औचित्यतामाथि तर्कसहित आफ्नो धारणा प्रस्तुत गर्नुहोस् । १०

१६. नेपालमा बीमा समितिको स्थापनाको उद्देश्यमाथि प्रकाश पार्दै नेपालमा बीमा व्यवसायको संस्थागत विकासमा यस समितिले पुऱ्याएको योगदानको विवेचना गर्नुहोस् । १०

१७. नेपालमा बीमा व्यवसायको पहुँच बहुसंख्यक जनता समक्ष पुग्न नसकेको सन्दर्भमा यो व्यवसायको विस्तारमा देखिएका अवरोधहरू उल्लेख गर्दै बढीभन्दा बढी जनताको पहुँचमा पुऱ्याउन के गर्नुपर्ला ? कार्यान्वयनयोग्य सुझाव दिनुहोस् । १०

:: **समाप्त** ::